# कोन्ज्योसोम गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

चौघरे,ललितपुर, बागमती प्रदेश, नेपाल।

**युवा स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी सुचना**

**सूचना प्रकाशन मिति : २०७७/०७/२३**

कोन्ज्योसोम गाउँपालिका पशु सेवा शाखा तथा कृषि विकास शाखा,चौघरे ललितपुरको आ.व. २०७७/०७८को तपशिलको वार्षिक स्वीकृत कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले ईच्छुक कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले ३० औं दिन मिति २०७७/०८/२२ गते भित्र कोन्ज्योसोम गाउँपालिका पशु सेवा शाखा तथा कृषि विकास शाखाका वडा स्थित तोकिएका कर्मचारीहरु मार्फत तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबै कृषकहरुमा जानकारी गराईनेछ ।

**तपशिल कार्यक्रम**

| कार्यक्रम | मापदण्ड | संचालन स्थान | गर्नु पर्ने कार्यक्रम | लक्ष्य | लागत साझेदार | कैफियत |
|---|---|---|---|---|---|---|
| पशु पालन युवा स्वरोजगार कार्यक्रम ( व्यवसायिक बाखा पालन कार्यक्रम) | कम्तिमा २० माउ बाखा पालन गरेको हुनु पर्ने । १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेका युवा । | कोन्ज्योसोम गाउँपालिका वडा नं १,४,५ | आधुनिक बाखाको खोर निर्माण( कम्तिमा ६० बाखा अटने) | ५ | कम्तीमा ५०% (बढीमा प्रति खोर रु ५०,०००/- | पशु सेवा प्रविधिक र प्राविधिकको ईस्टिमेट अनुसार बनाउनु पर्नेछ |
| कृषि युवा स्वरोजगार कार्यक्रम ( व्यवसायिक टनेला तरकारी खेती /हाईटेक नर्सरी प्रवर्द्धन ) | १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेका युवा कृषकले कम्तिमा २ रोपनी जग्गामा तरकारी खेती गरेको हुनुपर्ने । | कोन्ज्योसोम गाउँपालिका वडा नं १,२,३ | हाईटेक नर्सरी स्थापना / टनेला निर्माण | हाईटेक नर्सरी - १<br>टनेला निर्माण - १६ | कम्तीमा ५०% (हाईटेक नर्सरी —रु १,००,०००/-<br>प्रति टनेला — रु २०,०००/-) | छनोट गरिने कृषक संख्या- (हाईटेक नर्सरी -१<br>टनेला निर्माणका लागि कृषक संख्या -८ (प्रति कृषक २ टनेला) |

नोट : अघिल्लो आर्थिक वर्षमा छनोट भएका कृषकहरु यस कार्यकममा सहभागी हुन पाउने छैनन् ।

**पेश गर्नुपर्ने कागजातहरु**

- संक्षिप्त कार्ययोजना सहित निवेदन
- सम्बन्धित निकायमा दर्ता र नविकरण भएका फर्मको प्रमाणत्रको प्रतिलिपी
- निवेदकको नागरिकताको प्रतिलिपी
- समूह सहकारीकोहकमा कार्य समितिको निर्णयको प्रतिलिपी
- कार्यक्रम संचालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात / भाडाको जग्गा भएमा कम्तिमा पाँच वर्षको सम्झौता प्रतिलिपी  साथै मालपोत तिरेको रसिदको प्रतिलिपी
- वडा कार्यलयको सिफारिस
- पशु पालन युवा स्वरोजगार कार्यक्रम ( व्यवसायिक बाखा पालन कार्यक्रम) को हकमा बाखको बिमा अभिलेखको प्रतिलिपी

दिकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ठेगाना: